Published by:

Deutsche Gesellschaft für Internationale Zusammenarbeit (GIZ) GmbH

In Cooperation with:

जर्मन सहयोग
DEUTSCHE ZUSAMMENARBEIT

# ग्रामीण क्षेत्रका लागि नवीकरणीय ऊर्जा कार्यक्रम (RERA)

| | |
|---|---|
| कार्यक्रमको नाम | ग्रामीण क्षेत्रका लागि नवीकरणीय ऊर्जा कार्यक्रम (RERA) |
| आधिकारीक निकाय | जर्मन संघीय आर्थिक सहयोग तथा विकास मन्त्रालय (BMZ) |
| कार्यक्रम सञ्चालन हुने राष्ट्र | नेपाल |
| कार्यक्षेत्र | काठमाण्डौं तथा प्रदेश नं. १ र ७ |
| मुख्य कार्यकारी निकाय | वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र (AEPC) |
| बजेट | यूरो ५ मिलियन (रु. ५० करोड) |
| समयावधि | अक्टोवर २०१६ देखि सेप्टेम्बर २०१९ सम्म |
| लाभग्राही | आधुनिक ऊर्जाका सेवाहरुमा पहुँच नभएका वा सीमित पहुँच भएका ग्रामीण क्षेत्रका घर परिवारहरु |

## पृष्ठभूमि:

नेपालको पहाडी धरातल तथा भौगोलिक विविधताले गर्दा उच्च लागतका कारण सबै ग्रामीण क्षेत्रमा राष्ट्रिय प्रसारण लाइनको विद्युत् विस्तार तथा जडान कार्य गाह्रो बनेको छ। त्यसैले नेपाल सरकारले ग्रामीण क्षेत्रको यस्तो अवस्थालाई व्यवस्थित गर्नका लागि विकेन्द्रित नवीकरणीय ऊर्जाका प्रविधिहरु जस्तो लघु जलविद्युत्, घरायसी सौर्य प्रणाली र वायोग्यासजस्ता प्रविधिहरुमा सहयोग गरिरहेको छ। विकेन्द्रित नवीकरणीय ऊर्जाका प्रविधिहरुको विकास र विस्तारको लागि नेपाल सरकारको तर्फबाट मुख्य संस्थाको रुपमा वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र रहेको छ। विकेन्द्रित नवीकरणीय ऊर्जाका प्रविधिहरुको प्रवर्द्धन र विकासमा अनुदान सहयोगले बलियो भूमिका निर्वाह गरेको भएता पनि प्रविधिहरुको दिगोपना र बजारीकरणका लागि अनुदान कार्य अपर्याप्त देखिन्छ। यसो हुनुमा स्थानीय सरकार र उपभोक्ताहरुको नवीकरणीय ऊर्जा योजना तर्जुमामा न्यून सहभागिता, प्रविधि उपलब्ध गराउने आपूर्तिकर्ता र उपभोक्ताबीच प्रगाढ सम्बन्ध नबन्नु, वित्तीय सेवाको पहुँचमा कमी हुनु तथा बिक्रीपछिको सेवामा सुनिश्चितता नहुनु रहेको पाइन्छ।

नेपालको संविधान २०७२ कार्यान्वयनको चरणमा रहेको सन्दर्भमा केन्द्रमा निहीत रहेका अधिकारहरु स्थानीय र प्रदेश सरकारमा स्थापित हुँदै आएको छ । संविधानले दिएको अधिकार अनुसार प्रदेश र स्थानीय सरकारहरु आवश्यक ऐन तथा नीति नियम तयार गर्न, कार्यक्रमहरु तर्जुमा गर्न, विकेन्द्रीत नवीकरणीय ऊर्जाका सेवा तथा सुविधाहरु उपलब्ध गराउन अधिकार सम्पन्न छन् । यस्तो विकेन्द्रीत राज्य व्यवस्थाले नवीकरणीय ऊर्जा क्षेत्रमा एकैपटक धेरै अवसरहरु र आवश्यकताहरु जन्माएको छ । केन्द्रीकृत राज्य व्यवस्थामा वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र (AEPC) को मुख्य जिम्मेवारी नवीकरणीय ऊर्जासम्बन्धी नीति नियम बनाउने, योजना तर्जुमा गर्ने र कार्यान्वयन गर्ने रहेको थियो । नयाँ संघीय संरचनामा यो अधिकार स्थानीय र प्रदेश सरकारमा स्थानान्तरण भएको छ । तथापि, नयाँ स्थापना भएका स्थानीय र प्रदेश सरकारहरुसँग पर्याप्त मानवीय तथा प्राविधिक क्षमताको कमी र विकेन्द्रीत नवीकरणीय ऊर्जालाई तत्काल अगाडि बढाउने स्रोत साधनको अभाव रहेको छ। वर्तमान संक्रमणकालीन अवस्थामा वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र कार्यान्वयनकारी भूमिकाको रुपमा नभई प्रदेश र स्थानीय सरकारलाई नवीकरणीय ऊर्जा प्रवर्द्धनमा सहयोगी संस्थाको रुपमा रुपान्तरण हुँदै आएको छ।

## RERA को दृष्टिकोण:

ग्रामीण क्षेत्रका लागि नवीकरणीय ऊर्जा (RERA) कार्यक्रम नेपाल सरकार र जर्मन संघीय आर्थिक सहयोग तथा विकास मन्त्रालय (BMZ) को संयुक्त प्राविधिक सहयोगको विकेन्द्रीत नवीकरणीय ऊर्जा कार्यक्रम हो । RERA कार्यक्रम वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र (AEPC) र Deutsche Gesellschaft fur Internationale Zusammenarbeit (GIZ) GmbH ले संयुक्तरुपमा कार्यान्वयन गरिएको कार्यक्रम हो ।

नेपालको संघीय प्रणालीमा स्थानीय सहयोग अभिवृद्धि गर्न नवीकरणीय ऊर्जाको कुशल र प्रभावकारी सेवा वितरणमा सुनिश्चित गर्नु कार्यक्रमको लक्ष्य रहेको छ। कार्यक्रमले ग्रामीण क्षेत्रको लागि आधुनिक ऊर्जामा सेवा नपाएका वा सेवामा थोरै पहुँच भएका घरपरिवारको लागि ऊर्जा अवस्थामा सुधार गर्ने ध्येय लिएको छ। यसका लागि कार्यक्रमले नमूनाको रुपमा प्रदेश १ र ७ लाई छनौट गरेको छ। उल्लेखित लक्ष्य प्राप्त गर्न र माथि उल्लेखित चुनौतीहरुको समाधानका लागि RERA ले निम्न उल्लेखित फरक-फरक तहगत तरिकाहरु अपनाएको छ :





*Page 1 (L to R):*
- *Signing of the Implementation Agreement between AEPC and GIZ in December 2017*
- *Participants for the Strategy Workshop of RERA at Nagarkot in March 2018*

*Page 2 (L to R):*
- *Demonstration of Solar Bubble Dryer at NARC*
- *RETs orientation to the representatives of Mangsebung Rural Municipality (Ilam) in November 2017*
- *Demonstration of the uses of improved cookstoves to households in Morang in November 2017*

Photo © RERA

  

### १. AEPC को रुपान्तरणको लागि सहजीकरण :

कार्यक्रमले वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र (AEPC) लाई कार्यान्वयनकारी संस्थाका रुपमा भन्दा पनि सहयोगी संस्थाको रुपमा रुपान्तरण गरी संघीय राज्य व्यवस्थाको नयाँ परिस्थिति अनुरुप नवीकरणीय ऊर्जाका आवश्यकतालाई सम्बोधन गर्न सहयोग गर्ने छ । RERA ले विकेन्द्रत नवीकरणीय ऊर्जासम्बन्धी सेवा-सुविधाहरुको श्रृखला (Portfolio) तयार गर्न वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र (AEPC) सँगै काम गरी, प्रदेश र स्थानीय सरकारहरुलाई विकेन्द्रीत नवीकरणीय ऊर्जाको योजना तर्जुमा, प्रवर्द्धन र कार्यान्वयन गर्नमा सहयोग गर्दछ । जस्तैः ऊर्जा योजना तयार गर्ने, नमूना कानून र नीतिहरु आदि पर्दछन् ।

### २. प्रदेश र स्थानीय सरकारको क्षमता अभिवृद्धि :

RERA ले AEPC लाई प्रदेश १ र ७ मा कार्यक्रम कार्यान्वयन इकाइ (PIU) कार्यालय स्थापना तथा सञ्चालनको लागि सहयोग गर्ने छ । कार्यक्रम कार्यान्वयन इकाइहरु (PIUs) मार्फत प्रदेश र स्थानीय सरकारको क्षमता अभिवृद्धि र संस्थागत विकासका साथै सेवा प्रवाह गर्न मानव संशाधन विकास गर्नेछ । RERA ले प्रदेश र स्थानीय सरकारलाई नवीकरणीय ऊर्जा कार्यक्रमको नयाँ संरचनाअनुसार संस्थागत गर्न र नवीकरणीय ऊर्जाको लागि उन्नत र प्रभावकारी सहयोग कार्यक्रमहरुको विकास गर्न सहयोग गर्नेछ ।

### ३. दिगो बजारको विकास :

RERA ले नवीकरणीय ऊर्जाका सेवाहरु र उत्पादनहरुको आपूर्ति अवस्थालाई सुधार गर्न निजी कम्पनीहरु, नागरिक समाज र बैंकिङ्ग संस्थाहरुसँग काम गर्नेछ । RERA ले स्थानीय लघु, साना तथा मझौला (MSMEs) उद्योगहरुको व्यवसाय सुधारका साथै यसका सेवा प्रदायकहरुको बिक्रीपछिको सेवा सुनिश्चितताको लागि सहयोग गर्नेछ । यसको अतिरिक्त कार्यक्रमले व्यवसायी र उपभोक्ताहरुको वित्तीय पहुँच बढाई खरिद र सेवा तथा ऊर्जा उत्पादनलाई बजारीकरण गर्न वित्तीय संस्थाहरुसँग काम गर्नेछ ।

### ४. महिला तथा पछाडि-पारिएका वर्गको सशक्तीकरण :

नेपालमा अल्पसंख्यामा रहेका जातीय समूहहरु, महिला र पछाडि पारिएका समूहहरु अझ पनि सामाजिक र आर्थिक रुपले सीमान्तकृत अवस्थामा रहेका छन् । RERA ले महिला र सीमान्तकृत समूहहरुलाई स्थानीयस्तरमा नवीकरणीय ऊर्जाको प्रवर्द्धनको लागि योजना तर्जुमा र निर्णय प्रक्रियामा सशक्त बनाई उनीहरुको सहभागिताको सुनिश्चित गर्नेछ । यसको अतिरिक्त RERA ले गाउँ तथा नगरपालिका, प्रदेश सरकार र AEPC सँगको सहकार्यमा महिला तथा पछाडि पारिएका समूहहरुलाई नवीकरणीय ऊर्जा प्रविधिहरु बाट समान लाभ पुऱ्याउन सहयोग गर्नेछ ।

### कार्यक्रमबाट आशा गरिएका नतिजाहरु

केन्द्रीकृत राज्य व्यवस्थाबाट संघीय राज्य प्रणालीमा रुपान्तरण हुँदा विकासका लागि धेरै अवसरहरु उपलब्ध हुन्छन् । संविधानले स्थानीय सरकारलाई नवीकरणीय ऊर्जाका सेवाहरु प्रदान गर्ने अधिकार उपलब्ध गराई शासन प्रणालीमा जवाफदेहीता, प्रजातान्त्रिक, मागमा आधारित विकास, समावेशीता र तलबाट माथि जाने विकास पद्धतिलाई बढावा दिएको छ । RERA ले रुपान्तरणको यो अवसरमा सम्भावनाहरुलाई बढवा दिई निम्न अनुसार अपेक्षित परिणामहरु प्राप्त गर्नेछ :

- विकेन्द्रीत नवीकरणीय ऊर्जा प्रवर्द्धनको लागि सहभागितामूलक र मागमा आधारित ढाँचाको विकास र तीनै तहका सरकारहरुले यसलाई प्रयोगमा ल्याउने छन् ।
- प्रदेश र स्थानीय सरकारहरु नवीकरणीय ऊर्जा प्रभावकारी प्रवर्द्धन गर्न सक्षम हुनेछन् ।
- आधुनिक तथा गुणस्तरीय ऊर्जा सेवाको पहुँचमा अधिकतम नागरिकको सहभागिता हुनेछ ।
- ऊर्जासँग सम्बन्धित उद्यम/उद्यमी र नागरिकहरुको लागि वित्तीय सेवाको पहुँच, ऊर्जा सेवा र वस्तु बजारीकरणमा सुदृढीकरण र निजी क्षेत्रको क्रियाकलापमा विस्तार हुनेछ ।
- महिला तथा पिछडिएका वर्गहरुको योजना तर्जुमा, निर्णय प्रकृयामा सहभागिता वृद्धि भई ऊर्जा कार्यक्रम र ऊर्जा सेवाबाट समान लाभ प्राप्त गर्नेछन् ।


| | |
|---|---|
| Published by | Deutsche Gesellschaft für Internationale Zusammenarbeit (GIZ) GmbH<br>Registered offices Bonn and Eschborn, Germany<br>Renewable Energy for Rural Areas (RERA) Programme<br>NTNC Complex,<br>Khumaltar, Lalitpur<br>T +977 1 5538129<br>F +977 1 5551706<br>E rera@giz.de<br>Whttps://www.giz.de/en/nepal |
| Author(s) | Renewable Energy for Rural Areas (RERA) |
| As at | May 2018 |

GIZ is responsible for the content of this publication.

| | | |
|---|---|---|
| In cooperation with | Alternative Energy Promotion Centre (AEPC) | |
| On behalf of | Federal Ministry for Economic Cooperation and Development (BMZ) | |
| Division | Development Cooperation with Asia and South-East Asia | |
| Addresses of the BMZ offices | BMZ Bonn<br>Dahlmannstraße 4<br>53113 Bonn, Germany<br>T +49 (0)228 99 535-0<br>F +49 (0)228 99 535-3500 | BMZ Berlin<br>Stresemannstraße 94<br>10963 Berlin, Germany<br>T +49 (0)30 18 535-0<br>F +49 (0)30 18 535-2501 |
| | poststelle@bmz.bund.de<br>www.bmz.de | |